# सामाजिक विकास संस्थासँगको साझेदारीमा विभिन्न प्रकारका जयन्ती, दिवस र समारोह आयोजना सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१

प्रदेश सरकार

सामाजिक विकास मन्त्रालय

कोशी प्रदेश, विराटनगर, नेपाल

CamScanner

# सामाजिक विकास संस्थासँगको साझेदारीमा विभिन्न प्रकारका जयन्ती, दिवस र समारोह आयोजना सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१

कोशी प्रदेशमा क्रियाशील सामाजिक विकास संस्थाहरूसँगको साझेदारीमा प्रदेश सरकार (कार्यविभाजन) नियमावली, २०७९ मा उल्लिखित सामाजिक विकास मन्त्रालयको कार्यक्षेत्र अन्तर्गत पर्ने विषयहरूसँग सम्बन्धित विभिन्न प्रकारका जयन्ती, दिवस, सामाजिक तथा सांस्कृतिक समारोहको आयोजना र व्यवस्थापनका लागि कोशी प्रदेश विनियोजन ऐन, २०८१ को दफा ११ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी मन्त्रालयले यो मार्गर्दशन स्वीकृत गरेको छ।

१. <u>संक्षिप्त नाम र प्रारम्भः</u> (१) यस मार्गदर्शनको नाम "सामाजिक विकास संस्थासँगको साझेदारीमा विभिन्न प्रकारका जयन्ती, दिवस र समारोह आयोजना सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१" रहेको छ।

(२) यो मार्गदर्शन तुरून्त प्रारम्भ हुनेछ।

२. <u>परिभाषाः</u> विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस मार्गदर्शनमा,-

(क) "अनुदान" भन्नाले संस्थालाई मन्त्रालयबाट कार्यक्रम सञ्चालन गर्न उपलब्ध गराइने अनुदान सम्झनु पर्छ।

(ख) "कार्यक्रम" भन्नाले यस मार्गदर्शन बमोजिम मन्त्रालयबाट संस्थासँगको साझेदारीमा सञ्चालन गरिने विभिन्न प्रकारका जयन्ती, दिवस र यस्तै अन्य प्रकारका सामाजिक तथा सांस्कृतिक समारोह सम्झनु पर्छ।

(ग) "मन्त्रालय" भन्नाले कोशी प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनु पर्छ।

(घ) "साझेदारी" भन्नाले दफा ४ बमोजिमको प्रारूपका आधारमा संस्थासँग गरिने लागत साझेदारी सम्झनु पर्छ।

(ङ) "संस्था" भन्नाले सामाजिक विकास संस्था ऐन, २०७५ बमोजिम मन्त्रालयमा दर्ता वा सूचीकृत भएका सामाजिक विकास संस्था सम्झनु पर्छ।

३. <u>संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सकिनेः</u> मन्त्रालयले संस्थासँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न सक्नेछ।

४. <u>साझेदारीको प्रारूपः</u> (१) कार्यक्रम सञ्चालन गर्दा साझेदारीको प्रारूप देहाय बमोजिमको हुनेछः-

(क) संस्थाको लागत साझेदारी नहुने गरी संस्थालाई अनुदान उपलब्ध गराएर,

(ख) संस्थाको लागत साझेदारी हुने गरी संस्थालाई अनुदान उपलब्ध गराएर।

(२) बढीमा एक लाख रूपैयाँसम्म लागत अनुमान भएको कार्यक्रमका लागि मन्त्रालयले सम्बन्धित संस्थालाई अनुदानमार्फत बजेट उपलब्ध गराउन सक्नेछ।

(३) एक लाख रूपैयाँभन्दा बढी लागत अनुमान भएको कार्यक्रमका लागि मन्त्रालयले संस्थासँग लागत साझेदारीका आधारमा अनुदान उपलब्ध गराएर कार्यक्रम सञ्चालन गर्नेछ।

प्रदेश सचिव



CamScanner

(४) उपदफा (२) बमोजिम लागत साझेदारीमा कार्यक्रम सञ्चालन गर्दा संस्थाले मन्त्रालयले दिने अनुदान रकमको कम्तीमा बिस प्रतिशत रकम समेत थप गरी कार्यक्रम सञ्चालन गर्नु पर्नेछ।

५. <u>निवेदन पेश गर्नु पर्ने:</u> (१) यस मार्गदर्शन बमोजिम मन्त्रालयसँगको साझेदारीमा कार्यक्रम सञ्चालन गर्न चाहने संस्थाले अनुसूची – १ बमोजिमको ढाँचामा मन्त्रालयसमक्ष निवेदन पेश गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिम प्राप्त निवेदनका आधारमा मन्त्रालयले मन्त्रीस्तरीय निर्णय गरी सम्बन्धित शीर्षकमा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको परिधिभित्र रही देहाय बमोजिमका प्राथमिकीकरणको आधारमा संस्थाको छनोट गर्नेछ:-

(क) प्रचलित कानून बमोजिम संस्थाको दर्ता र नवीकरण वा सूचीकृत र सूचीकृत नवीकरण भएको,

(ख) संस्थाको विधान बमोजिम संस्थाको नियमित साधारणसभा सम्पन्न भई संस्थाको कार्यसमितिको गठन र पुनर्गठन भएको,

(ग) कार्यक्रमको विषयवस्तुसँग संस्थाको उद्देश्य र कार्यक्षेत्रको मिलान भएको,

(घ) मन्त्रालयसँगको साझेदारीमा यसअघि कुनै पनि किसिमको कार्यक्रम सञ्चालन नगरेको वा कार्यक्रम सञ्चालन गरे तापनि थोरै संख्यामा साझेदारी गरेको,

(ङ) दुई वा सो भन्दा बढी संस्थालाई एउटै प्रकारका कार्यक्रम गर्न दिइने अनुदानमा यथासम्भव फरक-फरक भौगोलिक क्षेत्रको प्रतिनिधित्व भएको,

(च) विगतमा यस्तै खाले अन्य कार्यक्रमको सफलतापूर्वक सञ्चालन गरेको,

(छ) मन्त्रालय तथा अन्य सरकारी निकायसँगको साझेदारीमा विगतमा गरेका अन्य कार्यक्रममा संस्थाको नाममा कुनै पनि किसिमको बेरुजु नरहेको।

(३) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि यो मार्गदर्शन स्वीकृत हुनु अघि मन्त्रालयसमक्ष दर्ता भएका निवेदनका हकमा उपदफा (२) बमोजिमको प्राथमिकीकरणका आधारमा मन्त्रालयले निर्णय गरी संस्था छनोट गर्न सक्नेछ।

(४) उपदफा (३) बमोजिम संस्था छनोट गर्नु अघि उपदफा (२) मा उल्लिखित कागजातहरूमध्ये कुनै कागजात अपुग भएमा संस्थासँग त्यस्तो अपुग कागजात माग गर्नु पर्नेछ।

६. <u>अनुगमन:</u> मन्त्रालयले यस मार्गदर्शन बमोजिम गरिने कार्यक्रमको आवश्यकता अनुसार आफैले वा वा सम्बन्धित स्थानीय तहमार्फत अनुगमन गर्ने व्यवस्था मिलाउन सक्नेछ।

७. <u>फर्छ्यौट विधि तथा अन्य व्यवस्था:</u> (१) यस मार्गदर्शन बमोजिम उपलब्ध गराइएको अनुदान रकमको फर्छ्यौट विधि तथा अन्य व्यवस्था मन्त्रालय र सम्बन्धित संस्थाबीच अनुसूची –२ बमोजिम गरिने सम्झौता बमोजिम हुनेछ।

(२) उपदफा (१) बमोजिम सम्झौता गर्दा सम्बन्धित महाशाखा वा शाखाले कार्यक्रमको बजेट शीर्षक अनुसार आवश्यक हेरफेर तथा परिमार्जन गरी गर्नु पर्नेछ।

प्रदेश सचिव



CamScanner

(३) उपदफा (१) बमोजिम संस्थासँग सम्झौता गर्दा संस्थाको आधिकारिक इमेल ठेगानामार्फत हस्ताक्षरित सम्झौता पत्रको आदानप्रदान गरी विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ।

८. <u>एउटै संस्थासँग पुनः साझेदारी नगरिने</u>: यस मार्गदर्शन बमोजिम चालु आर्थिक वर्षमा एउटा कार्यक्रममा मन्त्रालयले साझेदारी गरिसकेका संस्थासँग चालु आर्थिक वर्षको अर्को जयन्ती, दिवस र सामाजिक तथा सांस्कृतिक समारोह आयोजनाका लागि साझेदारी गरिने छैन।

९. <u>संशोधन वा खारेजी</u>: यो मार्गदर्शनको संशोधन वा खारेजी गर्ने अधिकार मन्त्रालयमा निहित रहनेछ।

प्रदेश सचिव

मन्त्री



CamScanner

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

अनुसूची – १
(दफा ५ को उपदफा (१) सँग सम्बन्धित)

## कार्यक्रम सञ्चालनका लागि संस्थाले मन्त्रालयसमक्ष पेश गर्ने निवेदनको ढाँचा

मितिः ..................

श्री सामाजिक विकास मन्त्रालय,
कोशी प्रदेश, विराटनगर, नेपाल।

विषयः कार्यक्रम सञ्चालनका लागि अनुदान माग गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा तहाँ मन्त्रालयबाट स्वीकृत गरिएको "सामाजिक विकास संस्थासँगको साझेदारीमा विभिन्न प्रकारका जयन्ती, दिवस र समारोह आयोजना सम्बन्धी कार्यक्रम सञ्चालन मार्गदर्शन, २०८१" बमोजिम चालु आ.व. २०८१/८२ का लागि ............. दिवस/जयन्ती/........ कार्यक्रम आयोजनाका लागि तपसिलका बमोजिमका कागजातहरूका साथ संलग्न कार्यक्रम सञ्चालन सम्बन्धी कार्ययोजना प्रस्तावसहित मन्त्रालयबाट अनुदान प्राप्त गर्न यो निवेदन पेश गरेको छु।

संस्थाको छापः

निवेदकको:
नाम, थरः
पदः
हस्ताक्षरः
संस्थाको नाम, ठेगानाः

संलग्न कागजातहरूः

१. संस्था दर्ता र नवीकरण वा सामाजिक विकास मन्त्रालयमा सूचीकृत र सूचीकृतको नवीकरण भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
२. संस्थाको स्वीकृत विधानको प्रमाणित प्रतिलिपि,
३. PAN दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
४. कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि,
५. अघिल्लो आर्थिक वर्षको लेखा परीक्षण प्रतिवेदनको प्रमाणित प्रतिलिपि,
६. अनुदान माग गर्ने सम्बन्धमा संस्थाको कार्यसमितिले गरेको निर्णयको प्रमाणित प्रतिलिपि,
७. अनुदान मागका लागि सम्बन्धित स्थानीय तह (वडा वा पालिका) को सिफारिस पत्र,

प्रदेश सचिव



CamScanner

८. संस्थाको विधान बमोजिम संस्थाको नियमित साधारणसभा सम्पन्न भई संस्थाको कार्यसमितिको गठन वा पुनर्गठन भएको विवरण वा प्रतिवेदनको प्रमाणित प्रतिलिपि,

९. संस्थाले नेपाल सरकार, प्रदेश सरकार वा स्थानीय तहको आर्थिक सहयोगमा विगतमा अन्य कार्यक्रम सञ्चालन गरेको भए उक्त कार्यक्रमको कुनैपनि बेरुजु नभएको भनी सम्बन्धित निकायले गरेको सिफारिस पत्र। (स्थानीय तहको आर्थिक सहयोगमा विगतमा सञ्चालन गरेका कार्यक्रमको हकमा क्र.सं. ७ को सिफारिस पत्रमा नै बेरुजु नभएको व्यहोरा खुलाउन सकिने)

प्रदेश सचिव



CamScanner

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

## कार्यक्रम सञ्चालन सम्बन्धी कार्ययोजना प्रस्ताव

१. संस्थाको पुरा नाम, ठेगानाः

२. संस्था दर्ताको मिति र दर्ता भएको स्थानः

३. संस्थाको आधिकारिक इमेल ठेगानाः

४. संस्थाको विधान बमोजिम संस्थाको अन्तिम साधारणसभा भएको मितिः

५. संस्थाको वर्तमान कार्यसमिति सम्बन्धी विवरणः

| क्र.सं. | नाम, थर | पद |
|---|---|---|
| | | |
| | | |
| | | |

६. प्रस्तावित कार्यक्रमको नामः

७. कार्यक्रम सञ्चालन गरिने मितिः

८. कार्यक्रम सञ्चालन गरिने स्थानः

९. कार्यक्रम सञ्चालनको उद्देश्यः

१०. प्रस्तावित कार्यक्रम कस्तो प्रकारको हो? (गोलो चिन्ह लगाउने)

(क) दिवसीय कार्यक्रम,

(ख) जयन्ती कार्यक्रम,

(ग) सामाजिक तथा सांस्कृतिक समारोह,

(घ) अन्यः .............................. (उल्लेख गर्ने)

११. कार्यक्रमका सञ्चालन क्रममा गरिने कियाकलापहरूको विवरणः

(क) ......................

(ख) ......................

(ग) ......................

१२. अघिल्लो आ.व. देखि हालसम्म संस्थाले आयोजना/सञ्चालन गरेको अन्य कार्यक्रमहरूको विवरणः

| क्र.सं. | कार्यक्रमको नाम | आयोजना गरिएको वर्ष | खर्चको स्रोत |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |

(द्रष्टव्यः खर्चको स्रोतमा सहयोग गर्ने सरकारी वा गैरसरकारी निकायको वा अन्य पक्षको नाम उल्लेख गर्ने)

१३. प्रस्तावित कार्यक्रम यस अघिका वर्षहरूमा समेत आयोजना/सञ्चालन गर्ने गरिएको वा नयाँ कस्तो प्रकारको हो? (गोलो चिन्ह लगाउने)

(क) अघिल्ला वर्षहरूमा समेत आयोजना गर्ने गरिएको

(ख) यसै वर्षबाट आयोजना गर्न लागिएको नयाँ

प्रदेश सचिव



CamScanner

१४. अघिल्ला वर्षहरूमा समेत आयोजना/सञ्चालन गरेको कार्यक्रम भए सो सम्बन्धी विवरणः

| क्र.सं. | कार्यक्रमको नाम | आयोजना गरिएको वर्ष |
|---|---|---|
| | | |
| | | |
| | | |

१५. सामाजिक विकास मन्त्रालयको अनुदान सहयोगमा यसअघि आयोजना/सञ्चालन गरेका कार्यक्रम भए सो सम्बन्धी विवरणः

| क्र.सं. | कार्यक्रमको नाम | आयोजना गरिएको वर्ष |
|---|---|---|
| | | |
| | | |
| | | |

१६. प्रस्तावित कार्यक्रममा सहभागी हुने व्यक्तिको संख्याः ..................

१७. प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने अनुमानित कुल खर्चः ......................

१८. प्रस्तावित कार्यक्रम सम्पन्न गर्न लाग्ने खर्च जुटाउने स्रोतहरूः

(क) नेपाल सरकारसँगको अपेक्षाः

(ख) प्रदेश सरकारसँगको अपेक्षाः

(ग) स्थानीय तहसँगको अपेक्षाः

(घ) संस्थाको आफ्नै स्रोतबाट गरिने खर्चः

(ङ) अन्य विभिन्न संघ, संस्था, दान, दातव्य, चन्दा, व्यक्ति वा अन्य कुनै स्रोतबाट गरिएको अपेक्षाः (प्रत्येकको नाम र अनुमानित रकम उल्लेख गर्ने)

१. ................
२. ................
३. ................

१९. प्रदेश सरकारबाट अपेक्षा गरिएको अनुदान रकमको विवरण (क्रियाकलापगत खर्च उल्लेख गर्ने)

| क्र.सं. | क्रियाकलापहरूको विवरण | अनुमानित खर्च |
|---|---|---|
| | | |
| | | |
| | | |
| | कुल खर्च | |

मैले पेश गरेको माथी उल्लिखित विवरण ठिक साँचो हो। झुटा ठहरेमा प्रचलित कानून बमोजिम सहुँला बुझाउला भनी विवरण पेश गर्नेको:

हस्ताक्षरः

नाम, थरः

संस्थाको छापः

ठेगानाः

पदः

संस्थाको नाम, ठेगानाः

प्रदेश सचिव

मन्त्री

अनुसूची –२

(दफा ७ को उपदफा (१) सँग सम्बन्धित)

प्रदेश सरकार
सामाजिक विकास मन्त्रालय
कोशी प्रदेश
विराटनगर, नेपाल

## सम्झौता-पत्रको ढाँचा

**.................... कार्यक्रम सञ्चालन गर्ने सम्बन्धमा प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश, विराटनगर र ............. बीच भएको**

## सम्झौता-पत्र

प्रदेश सरकार, सामाजिक विकास मन्त्रालयको चालु आ.व. २०८१/८२ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार ................. कार्यक्रम सञ्चालन गर्न प्रदेश सरकार, सामाजिक विकास मन्त्रालय, कोशी प्रदेश (यसपछि "मन्त्रालय" भनिने) र ................. (यसपछि "संस्था" भनिने) बीच देहाय बमोजिमका शर्तहरूको अधीनमा रही यो सम्झौता पत्रमा हस्ताक्षर गरिएको छ।

कार्यक्रमको विवरण

| | | | |
|---|---|---|---|
| १. कार्यक्रमको नाम | | २. बजेट उपशीर्षक नं. | |
| ३. खर्च शीर्षक नं. | | ४. क्रियाकलाप नं. | |
| ५. कार्यक्रम सञ्चालन गरिने स्थान | | ६. मन्त्रालयबाट प्रदान गरिने अनुदान रकम | |
| ७. संस्थाको बैंक खाता नं. | | ८. बैंकको नाम | |

सम्झौताका शर्तहरु

१. मन्त्रालयले संस्थालाई .......... कार्यक्रम सञ्चालन गर्न बढीमा रु. ........ बजेट अनुदान उपलब्ध गराउने छ। उक्त बजेटबाट संस्थाले प्रचलित कानून अनुसार कार्यक्रम कार्यान्वयन गर्नेछ।

२. संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकममा कम्तीमा बिस प्रतिशत रकम थप गरी कार्यक्रमको सञ्चालन गर्नेछ।

३. संस्थाले कार्यक्रम सञ्चालन गर्दा मन्त्रालयबाट प्राप्त अनुदानमा कार्यक्रम सञ्चालित भएको ब्यानर राखेछ।

४. संस्थाले यो सम्झौता मितिबाट एक महिना भित्र भुक्तानीका लागि सम्वन्धित स्थानीय तहको सिफारिस, कार्यक्रमको फोटो सहितको कार्य सम्पन्न प्रतिवेदन, संस्थाको कार्यसमितिको भुक्तानी माग गर्ने सम्बन्धी बैठकको निर्णय प्रतिलिपि, सामग्री खरिद गरिएको भए बिलको फोटोकपी सहित खरिद गरिएका जिन्सी सामग्रीहरुको आम्दानी जनाई स्टोर दाखिला गरेको प्रमाणित प्रतिलिपिका आवश्यक कागजात संलग्न गरी मन्त्रालयसमक्ष भुक्तानीका लागि निवेदन पेश गर्नेछ।

५. संस्थाले कार्यक्रम सम्पन्न पश्चात बुँदा नं. ४ मा उल्लिखित आवश्यक कागजात सहित भुक्तानी माग गरेपछि मन्त्रालयले प्राप्त कागजातको मूल्याङ्कन गरी सम्झौतामा उल्लिखित अधिकतम सीमाभित्र हुने गरी संलग्न विल भर्पाई बमोजिम कार्यक्रममा भएको खर्च रकम संस्थाको बैंक खातामा उपलब्ध गराउनेछ।

प्रदेश सचिव

मन्त्री



CamScanner

६. मन्त्रालयबाट हुने कागजातको मूल्याङ्कनका क्रममा संस्थाले यस्तो बिसे प्रतिशत रकम थप नगरेको पाइएमा मन्त्रालयले संस्थाबाट सरकारी बाँकी सरह उक्त रकम असुलउपर गरी बाँकी रकम भुक्तानी गर्नेछैन।

७. संस्थाले मन्त्रालयबाट प्राप्त अनुदान रकमको लेखा परीक्षण गराइ सोको प्रतिवेदन मन्त्रालयसमक्ष पेश गर्नेछ।

८. मन्त्रालयले कार्यक्रमको आवश्यकता अनुसार आफैले वा सम्बन्धित स्थानीय तहमार्फत अनुगमन गर्ने व्यवस्था मिलाउनेछ।

९. संस्थाले यस सम्झौता, प्रचलित कानून तथा मन्त्रालयले दिएका निर्देशनको पालना गर्नेछ।

१०. संस्थाले यस सम्झौतामा उल्लिखित बुँदा तथा प्रचलित कानून विपरित कार्य गरेमा मन्त्रालयले कुनै पनि बेला सम्झौता भङ्ग गर्न सक्नेछ। यसरी सम्झौता भङ्ग भएमा मन्त्रालयले सम्झौता बमोजिमको रकम भुक्तानी दिन बाध्य हुनेछैन।

११. यो सम्झौता कार्यान्वयनका क्रममा कुनै समस्या उत्पन्न भएमा मन्त्रालयको निर्णय नै अन्तिम हुनेछ।

१२. यो सम्झौतामा भएका कुराहरू यसै सम्झौता बमोजिम र अन्य कुराहरू प्रचलित कानून बमोजिम हुनेछ।

| <u>संस्थाको तर्फबाटः</u> | <u>मन्त्रालयको तर्फबाटः</u> |
|---|---|
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| मितिः | मितिः |
| <u>रोहवरः</u> | <u>रोहवरः</u> |
| हस्ताक्षरः | हस्ताक्षरः |
| नाम, थरः | नाम, थरः |
| पदः | पदः |
| मितिः | मितिः |

(द्रष्टव्यः सम्बन्धित महाशाखा वा शाखाले संस्थासँग सम्झौता गर्दा कार्यक्रमको बजेट शीर्षक अनुसार आवश्यक हेरफेर तथा परिमार्जन गरी गर्नु पर्नेछ। यसरी सम्झौता गर्दा विद्युतीय माध्यमबाट समेत गर्न सकिनेछ।)

प्रदेश सचिव